नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका **ज्योतिष भविष्यवाणी** खोजी-खोजी पढौं ।

सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
पत्रिका पाइने एकमात्र ठाउँ
कार्यालय-ज्योतिष भविष्यवाणी
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क १९ २०६९ भाद्र ७ गते, बिहीबार 23, Aug. 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ । साथै www.Facebook.com/jbweekly
संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोबाइल नं. ९८५६०३०९१४

## गीताञ्जली साहित्य रत्न घिमिरेलाई



साहित्यकार तेजनाथ घिमिरेलाई गीताञ्जली साहित्य रत्न पुरस्कार प्रदान गरिदैं ।

**रामनाथ अधिकारी** 'संगी'

**पोखरा** : गीताञ्जली साहित्य परिवार पोखराद्वारा प्रदान गरिने द्वितीय गीताञ्जली साहित्य रत्न पुरस्कार यसवर्ष कविवर तेजनाथ घिमिरेलाई प्रदान गरिएको छ ।

परिवारको ११७औं साधना प्रभात तथा छैटौं अधिवेशनको अवसरमा समाजसेवी तथा विश्व हिन्दू महासंघ नेपालका पूर्व अध्यक्ष लिलाभक्त आचार्यले उहाँलाई सो पुरस्कार प्रदान गर्नुभएको हो । पुरस्कारको राशि रु.पाँचहजार एकको साथमा प्रमाणपत्र रहेको छ ।

घिमिरेलाई पुरस्कार प्रदान गर्दै प्रमुख अतिथि आचार्यले गीताञ्जली साहित्य परिवारले पुरस्कार प्रदान गर्न योग्य व्यक्ति छनौट गरेको बताउनुभयो ।

उहाँले सामाजिक क्षेत्रमा काम गर्दा मनमा एक किसिमको आनन्दको अनुभूति हुने बताउँदै पोखराले आँफूलाई गरेको मायाप्रति आभार प्रकट गर्दै आफ्नो तन, मन र धनले साहित्य र समाज विकासमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

त्यस्तै सम्मानित व्यक्तित्व कविवर तेजनाथ घिमिरेले गीताञ्जलीले साहित्यको क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गर्दै संस्थाले गरेको माया र सम्मानले आँफूलाई साहित्यमा अझै सक्रिय भएर अघि बढ्न प्रेरणा मिलेको बताउनुभयो। उहाँले साहित्यकारले समाजमा देखेको यथार्थलाई आफ्नो सिर्जनामा व्यक्त गर्नुपर्ने बताउँदै आँफू साहित्यको क्षेत्रमा धिपधिप बलिरहेको र गीताञ्जलीको सम्मानले दियोमा तेल थपेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा परिवारका संरक्षक तथा नेपाल ज्योतिष पत्रकार संघका केन्द्रीय अध्यक्ष डा. बलराम उपाध्याय रेग्मीले

बाँकी ५ पृष्ठमा...

## अध्यक्षमा पुनः भण्डारी



पोखराको रामघाटमा रहेको गीताञ्जली साहित्य परिवारको अध्यक्षमा पुनः सह-प्राध्यापक कृष्ण भण्डारी 'मुमुक्षु' आगामी कार्यकालका लागि चयन हुनुभएको छ ।

जसको उपाध्यक्षमा शिव गौतम, सचिवमा लालमणि पोखरेल, सह-सचिवमा लक्ष्मी थापा, कोषाध्यक्षमा भानुभक्त भण्डारी, सह-कोषाध्यक्षमा धर्मराज पौडेल रहनुभएको छ भने सदस्यहरूमा नारायण बाँस्तोला 'श्रमपंथी', शोभाकान्त गौडेल, रामनाथ अधिकारी'संगी', हरि पन्त, काजी गाउँले, काशीनाथ कुमाल, शंकर ज्ञवाली, शोभा लामिछाने र दीपेन्द्र पहारी रहनुभएको छ । निर्वाचन सम्पन्न गर्न पदमराज ढकाल संयोजक, मदन भण्डारी र प्रेम कुमारी गुरुङ सदस्य रहनुभएको थियो । यसैबीच परिवारको सोमबार बसेको नयाँ कार्यसमितिको पहिलो बैठकले तिहार अघि एक समालोचना पुस्तक प्रकाशन गर्ने निर्णय गरेको छ । पहिलो बैठक कृष्ण भण्डारी 'मुमुक्षु' को अध्यक्षतामा सम्पन्न भएको थियो ।

# नेपालबाटै ज्योतिषमा पी.एच.डी गराउने तैयारी

**ज्यो. सीता रेग्मी**

**पोखरा** : कुनै पनि विषयमा एम.ए. द्वितीय श्रेणीमा उत्तीर्ण विद्यार्थीलाई नेपालबाटै ज्योतिष पी.एच.डी. गराउने तैयारी वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय नेपालले गरेको छ ।

विश्व ज्योतिष विद्यापीठ कलकत्ताका उपकुलपति प्रा.डा रामकृष्ण शास्त्रीको आन्तरिक शोध निर्देशन तथा वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय नेपालका संस्थापक अध्यक्ष डा. बलराम उपाध्याय रेग्मीको बाहृय शोध निर्देशनमा दुईवर्षमा पूरा गर्न सकिने ज्योतिष पी.एच.डी.को प्रवेश फर्म यहि भाद्र महिनाको १० गते आइतबारदेखि प्रारम्भ गरिने तैयारी भैरहेको छ ।

न्यूनतम् ५० प्रतिशत अङ्क प्राप्त गरि कुनै पनि बिषयमा मास्टर डिग्री उत्तीर्ण छात्र-छात्रालेमात्र प्रवेश पाउन सक्ने ज्योतिष पी.एच.डी.मा यो वर्ष दश जना छात्र-छात्राको सिटको व्यवस्था गरिएको छ । यही भदौ १० गतेदेखि प्रारम्भ भै न्यूनतम् २ वर्षमा पूरा हुने पी.एच.डी. को दीक्षान्त समारोह वि.सं. २०७१ सालमा कलकत्तामा हुने विश्वविद्यालयले जनाएको छ ।

'मेची-महाकाली ज्योतिष जागरण अभियान, एक समीक्षक अध्ययन', 'नेपालमा ज्योतिष पत्रकारिताको प्रभाव', 'नेपालमा अंग्रेजी ज्योतिष पत्रकारिताको अध्ययन' पूर्वाञ्चलमा ज्योतिषी डा. मोहनप्रसाद ढकाल शास्त्रीको स्थान, ज्यो.पं.मेघराज शर्मा व्यक्तित्व तथा कृतित्व, नेपाली ज्योतिष विज्ञानमा...को योगदान, नेपालको ज्योतिष साहित्यिक इतिहासमा पाङ, खुर्कोटको स्थान, नेपाली ज्योतिष पत्रकारिताको इतिहासमा ज्योतिष भविष्यवाणी (साप्ताहिक) को योगदान, नेपाली समाजमा ज्योतिष शिक्षाप्रति बढ्दो विश्वास, ज्यो. महेश्वर शर्मा पौडेल व्यक्तित्व चिनारी, ज्योतिष जगतमा पाङ खुर्कोटको योगदान समेत शीर्षकमा ज्योतिष विद्यावारिधि गर्ने छात्र-छात्रालाई उत्कृष्टताको आधारमा छात्रवृत्ति समेत प्रदान गर्ने व्यवस्था विश्वविद्यालयले गरेको छ ।

हाल व्याकरण शास्त्री तथा साहित्यशास्त्री पश्चात् ज्योतिष एम.ए. तथा विक्रम विश्वविद्यालय उज्जैन भारतमा ज्योतिष एम.ए. गर्ने व्यवस्था वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयका तर्फबाट व्यवस्था गरिएको छ भने आगामी २ वर्षपछि ज्योतिष एम.ए., एम.फिल., पी.एच.डी. सबै तहको पढाई नेपालमा नै गर्ने तैयारी भैरहेको विश्वविद्यालयले जनाएको छ ।

## पर्वतमा ज्योतिष महाविद्यालयको माँग

नेपाल अधिराज्यको इतिहासमा ज्योतिषकोमात्र पढाई हुने प्रोफेशनल ज्योतिष व्यवसायी तालिम संचालन गर्ने पोखरा ज्योतिष महाविद्यालयको स्थापना पोखरामा भएपछि नेपाल अधिराज्यको इतिहासमा ज्योतिष शिक्षाको जननीको रुपमा चिनिएको पर्वत जिल्लाको पाङ खुर्कोटमा स्थापना हुने गरी स्थानीयवासीले पर्वत ज्योतिष महाविद्यालयको माँग गरेका छन् ।

सयौं वर्षदेखि ज्योतिष शिक्षाको अध्ययन अध्यापन हुँदै आएता पनि पर्वत पाङ खुर्कोटका ज्यो.डा. बलराम उपाध्याय रेग्मी पाङ खुर्कोटमा ज्योतिषको क्याम्पस संचालन नगरी पोखरामा संचालन गर्दा पाङ पछाडि परेको खुर्कोट-१ निवासी योगराज बाँस्तोला बताउनुहुन्छ । पाङ खरिबोट निवासी फलित ज्योतिषाचार्य केदारनाथ पौडेल तथा खुर्कोट-५ निवासी ज्यो.

बाँकी ४ पृष्ठमा...

## 'साँचो पत्रकारिताको खाँचो'

**हरि पन्त**

**पोखरा** : पश्चिमाञ्चलको ठूलो क्याम्पस पृथ्वीनारायण क्याम्पस पोखरामा स्नातक तहमा आम संचार र पत्रकारिता विषयमा अध्ययनरत आम विद्यार्थीहरूद्वारा प्रकाशित 'आमसंचार र पत्रकारिता' पुस्तकको विमोचन गरिएको छ ।

पुस्तक विमोचन कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले अहिलेको पत्रकारिताले सही काम गर्न नसकेको धारणा व्यक्त गर्दै अहिलेको समय परिवेशमा साँचो पत्रकारिताको खाँचो रहेको औंल्याएका थिए ।

पुस्तकको विमोचन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा क्याम्पस प्रमुख गेहेन्द्रेश्वर कोइरालाले पत्रकारिताको अक्सिजन स्वतन्त्रता रहेको बताउँदै अहिलेको पत्रकारितामा स्वतन्त्रता हराएको धारणा व्यक्त गर्नुभयो। उहाँले पत्रकारिता स्वतन्त्र नभए कुनै पनि क्षेत्रमा भएको विकृति विसंगति बाहिर नआउने बताउँदै समाजलाई सही दिशामा संचालन गर्न साँचो पत्रकारिताको खाँचो रहेको बताउनुभयो ।

कार्यक्रममा प्रेस काउन्सिलका सदस्य तथा पोखरा हटलाइन दैनिकका प्रधान सम्पादक माधव शर्माले पोखरामा भएका सम्पूर्ण छापा तथा विद्युतीय संचारमाध्यमले साँचो पत्रकारिता गर्न नसकेको बताउँदै कपाल फुलाएरमात्रै साँचो पत्रकारिता हुन नसक्ने बताउनु भयो । त्यस्तै नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष तथा समाधान दैनिकका प्रधान सम्पादक

बाँकी ३ पृष्ठमा...

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

## सम्पादकीय...

# टिकटमा ज्योतिष परामर्शका तीसवर्ष

नेपाल अधिराज्यको इतिहासमा टिकट काटेर ज्योतिष परामर्श लिने दिने व्यवस्था सर्वप्रथम हामीले शुरु गऱ्यौं । यस्तो व्यवस्था ज्योतिषीले गर्नु भनेको प्रमाणिक योग्यता भएकालेमात्र गर्न मिल्दछ । गुरु शिष्य परम्परामा ज्योतिष पढेको र कुनै प्रकारको ज्योतिष तालिम प्राप्त प्रमाणपत्र अथवा कलेज, विश्वविद्यालयबाट ज्योतिष सम्बन्धी योग्यताको प्रमाणपत्र नपाएको व्यक्तिले ज्योतिषीको बोर्ड लगाएर बस्न सकेको इतिहास पनि कतै थिएन । पर्वत जिल्लाको पाङ् नेपाल अधिराज्यमा नै ज्योतिषीको नामले चर्चित भएता पनि यहाँका पंगाली ज्योतिषीले पनि ज्योतिषीको बोर्ड लगाएर कार्यालय भन्न मिल्ने व्यवस्था गरेर ज्योतिष परामर्श दिए लिएको देखिएन, अझै पनि छैन । ज्योतिष पनि एउटा सेवा र पेशा दुवै हो । त्यसकारण ज्योतिषीले आफ्नो योग्यता अनुसारको टिकटको व्यवस्था गर्नु पर्थ्यो त्यो गरेको पूरा नेपालमा कतै नदेखे पछि हामीले शुरुवात गऱ्यौं । वि.सं.२०३९ चैत्रदेखि काठमाडौं कीर्तिपुरमा ‘युवा ज्योतिष कार्यालय’ खोलेर सेवा दिन शुरु गर्दा प्रतिव्यक्ति परामर्श शुल्क पाँच रुपैयाँमात्र तोकिएको थियो जो हाल बढेर पाँचसय हुन गएको छ वार्षिक सदस्यको रुपमा ।

यद्यपि हुने खाने काठमाडौंका व्यक्तिलाई स्वेच्छाले छाडिदिंदा चार पाँच चिना राखेर एक/दुईसय दक्षिणा राख्ने गर्थे । शुल्क व्यवस्था नभएमा ज्योतिषीलाई हैरान पार्ने उरन्ठ्याउला केटा, नास्तिक, मात्तिएका, अर्धनास्तिक जस्ताले पनि दुःख दिन्छन् । त्यो अवस्था देखेपछि समग्र ज्योतिष जगतको उच्च प्रतिष्ठा बढाउनका लागि हामीले निर्णय गऱ्यौं ज्योतिषमा योग्यता बढाउँदै जाने, ज्योतिषका पुस्तक लेखन, प्रकाशन, पत्र–पत्रिकामा ज्योतिष विषयक लेख रचना प्रकाशनका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय सामूहिक भविष्यवाणी गरेर ज्योतिषको सार्वजनिक महत्वलाई हामीले खुला समाजमा ल्याइदिऔं जस्तो पंचायती व्यवस्थाको अन्त्य, राजदरवारको भविष्य शंकटमा, बहुदलीय प्रजातन्त्रको पुनःस्थापना, राष्ट्रिय चुनावको हारजीतको भविष्यवाणी, नेता, सांसद विशेषको चुनावमा ग्यारेन्टी हारजीतको भविष्यवाणी गरेर पुऱ्याएपछि ज्योतिषप्रति ह्वात्तै विश्वास र आस्था बढेर गयो ।

अंग्रेजी पढेर घमण्ड गर्न आउनेलाई अंग्रेजी एम.ए. टप गरेर, कानून व्यवसायीको रुपमा सेवा लिन आउने घमण्डीलाई कानून पढी कानून व्यवसायी तथा ज्योतिषी भएर, शिक्षक प्राध्यापकको घमण्ड लिएर आउनेलाई अंग्रेजी प्राध्यापको रुपमा घमण्डको जवाफ दिएर, लेखक हुँ भन्दै घमण्ड गर्न आउनेलाई लेखकको रुपमा जवाफ दिएर, पत्रकारको रुपमा घमण्ड गर्न आउनेलाई आँफू पत्रकारको रुपमा पत्रिका, रेडियो, वेवसाइट चलाई घमण्ड तोड्दै, पण्डित हुँ भन्नेलाई शास्त्रार्थमा परास्त गर्दै, बोलक्कडलाई प्रवक्ताको रुपमा जवाफ दिंदै संघ संस्थामा हुँदैमा घमण्ड गर्नेलाई दर्जनौं संघसंस्थामा रहेर, कंजूसलाई उदार भएर सहयोग गर्दै, विद्या लुकाउने पण्डितको ज्ञान भण्डारफोर गर्दै, ज्योतिषजस्तो सर्वउपयोगी विद्यालाई लुकाई आँफूमात्रै पेशा गर्ने घमण्डी विद्वानको फलित ज्योतिषलाई हजारौं ईच्छुक जिज्ञासुबीच पुऱ्याउँदै टिकटमा ज्योतिष परामर्श दिंदै आएको पनि तीसौं वर्ष पुगेछन् । पोखरेली समाजमामात्र टिकटमा ज्योतिष परामर्श दिएको दश वर्ष भैसकेको छ भने काठमाडौंमा पाँचवर्ष, विराटनगरमा पाँचवर्ष, बाग्लुङमा पाँचवर्ष भारतमा करीब एघार वर्षको अवधि समेत जोड्दा ज्योतिष परामर्श सेवाका चालिस वर्ष पुगेता पनि विना टिकट स्वेच्छाले दक्षिणा राख्न पाउने गरी दशवर्ष, टिकटमा तीसवर्ष पुगिसकेछन् ।

लिखित ग्यारेन्टी सहितको ज्योतिष परामर्श दिने व्यक्ति पनि हामी पहिलो भयौं । विगत चालिस वर्षको ज्योतिष व्यक्तित्वको इतिहासलाई हामी स्मरण गर्न गराउन चाहन्छौं । कुनै पनि ज्योतिष परामर्श सेवामा लाग्न चाहने व्यक्तिले सम्बन्धित विषयमा कम्तिमा एक वर्षको तालिम तथा एक दुई वर्ष आफ्ना ज्योतिष गुरुका साथमा प्राक्टिस गर्न सकेमा सुनमा सुगन्ध हुन्छ । ज्योतिषीले आधुनिक योग्यता पनि त्यत्तिकै बढाउनु पर्दछ । संस्कृतमा शास्त्री, आचार्य, अंग्रेजीमा एम.ए. र न्यूनतम् ज्योतिषमा पी.एच.डी. गरेका व्यक्तिलेमात्र अबको घमण्डी नास्तिक समाज हाँक्न, आफ्नो प्रतिष्ठा उच्च पार्न सक्दछन् अन्यथा कठिन छ । ज्योतिष अर्थकरी विद्या अवश्य हो तर ज्योतिषलाई पैसा कमाउने माध्यमको रुपमामात्र लागि पर्ने ज्योतिषीको मरेपछि शोक व्यक्त गर्न पनि कसैले सकेनन् भन्दै त्यो कमाएको धनको अर्थ के ? त्यसकारण ज्योतिषी एक समग्र समाजको गुरुको रुपमा स्थापित भै नाम तथा दाम दुवै कमाउँदै पुण्य पनि कमाउनु छ भने योग्यता बढाउनु अनिवार्य आवश्यक छ ।

# भविष्यवाणी भेटवार्ता

## “ज्योतिषशास्त्र बिना लौकिक र पारलौकिक व्यवहार चल्न सक्दैन”



डा. भोलानारायण रेग्मी

**परिचय :** मध्यम वर्गीय किसान र समाजसेवी परिवारमा पिता पदमपाणि उपाध्याय रेग्मी, माता वसुन्धरी उपाध्याय रेग्मीका ६ छोरामध्ये साईंला सुपुत्रका रूपमा वि.सं.२०३४ साल श्रावण १६ गते बुधबारका दिन नाग्लीवाङ–७, पर्वत जिल्लामा जन्मनुभएका डा. भोलानारायण रेग्मी उप–प्राध्यापकको रुपमा विन्दुवासिनी संस्कृत विद्यापीठ पोखरामा प्राध्यापनरत हुनुहुन्छ । घरमै सामान्य अध्ययन गर्नुभएका उहाँले आफ्नो ६ वर्षको उमेरदेखि जनकल्याण प्रा.वि. पर्वतबाट कक्षा ४ सम्म अध्ययन पश्चात् विद्यालयको औपचारिक शिक्षा छाडी गाउँकै शालिग्राम संस्कृत गुरुकुलबाट वेद, चण्डी, गीता, अग्निस्थापना, लघुसिद्धान्त कौमुदी, अमरकोष, हितोपदेश अध्ययन गर्दै भारत जानुभएको थियो । भारतको वाराणसीस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय अन्तर्गत उत्तरप्रदेश अयोध्याको रामानुज संस्कृत महाविद्यालयबाट सन्.१९९३ सालको पूर्वमध्यमा परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण गर्नुभएको थियो । तत्पश्चात् सोही रामानुज संस्कृत महाविद्यालयबाटै सन् १९९५ मा उत्तरमध्यमा परीक्षामा द्वितीय श्रेणी, सन् १९९८ मा संस्कृत व्याकरण विषयमा प्रथम श्रेणीमा शास्त्री गर्दै सन् २००० मा प्रथम श्रेणीमै आचार्य उत्तीर्ण गर्नुभएको थियो । संस्कृत भाषा र शिक्षाको संरक्षण, सम्वर्द्धन र विकास गर्दै सामान्य जीवनयापन गर्ने सोचाईमा रहनुभएका डा.रेग्मीले अध्ययनकै क्रममा सन् २००६ मा भारतको वाराणसीस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट भारतीय दार्शनिक अनुसन्धान परिषद्को जुनिएर रिसर्च फेलोशिप प्राप्त गरी संस्कृत व्याकरण विषय अन्तर्गत ‘वैयाकरणसिद्धान्तलघुमञ्जुषाया दार्शनिकतत्वविचार’ शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । साथै विश्वविद्यालय अनुदान आयोग भारतद्वारा लिइने यू.जि.सी. नेट परीक्षा समेत उहाँले उत्तीर्ण गर्नुभएको थियो । नेपाल संस्कृत छात्र परिषद् वाराणसीका पूर्व उपाध्यक्ष रेग्मीले वि.सं.२०६५ सालमा नेपाल विद्याभूषण प्राप्त गर्नुका साथै व्याकरण विषयको शास्त्रार्थमा द्वितीय पुरस्कार, श्लोकान्त्याक्षरीमा प्रथम पुरस्कार, श्रीमद्भागवतवाचन प्रतियोगितामा प्रथम पुरस्कार, पाणिनीय सूत्रान्त्याक्षरीमा द्वितीय पुरस्कार समेत प्राप्त गरिसक्नुभएको छ भने विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति पोखरा, नवज्योति नि.मा.वि. भुकताङ्ले पर्वत, पोखरा चिसाखोला वेद विद्याश्रम लगायत अन्य संघसंस्थाबाट सम्मानित भैसक्नुभएको छ । उहाँ राष्ट्रिय संस्कृत संस्थान र जवाहारलाल नेहरू विश्वविद्यालय दिल्लीको संयुक्त तत्वावधानमा आयोजित नव्य न्यायभाषापद्धतिपाठ्यक्रमको प्रशिक्षण दिंदै राष्ट्रिय सेवा योजनामा स्वयंसेवक रमेत रहनुभएको थियो । डा. रेग्मीले भारतीय दार्शनिक अनुसन्धान परिषद्, अखिल भारतीय प्राच्यविद्यासम्मेलनमा कार्यपत्र प्रस्तुत गर्नुका साथै विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा लेख प्रकाशित गरिसक्नुभएको छ । श्री नेपाली संस्कृत महाविद्यालय मंगलागौरी वाराणसी लगायत धेरै संस्कृत महाविद्यालयमा प्राध्यापन गर्नुभएका रेग्मी वि.सं.२०६१ सालदेखि हालसम्म श्री विन्दुवासिनी संस्कृत विद्यापीठ बगर–१, पोखरामा प्राध्यापनरत हुनुहुन्छ । प्रस्तुत छ ज्योतिष भविष्यवाणी साप्ताहिक प्रतिनिधि हरि पन्तले उहाँसंग भेटवार्ताको क्रममा गरेका कुराकानीका अंश :

**ज्यो.भ.–** डा.रेग्मीज्यू यतिधेरै पढ्न कसरी सम्भव भयो ?

**डा.रेग्मी–** अध्ययन भनेको जीवनको एउटा संघर्ष हो । त्यस संघर्षमा आफ्नो लक्ष्य अनुसारको वातावरण, संयोग बन्नु अदृष्य खेल पनि हो । त्यसै कारणले भाग्य र पुरुषार्थ दुवै जीवनमा आवश्यकता र अनिवार्य रहेको छ । अध्ययन ‘प्रथमम् पठनम् कठिनम् तदपि प्रदेश निवसनम्’ यस युक्ति अनुसार अध्ययन ठूलो तपस्या हो । त्यसमा पनि आफ्नो माता, पिता, जन्मस्थल छाडेर टाढा रहनु अझै कठिन हो । त्यहाँभन्दा पनि प्रदेशमा रहेर पढ्नु झनै कठिनको कुरा हो । सोही कारणले पढ्दा जीवनमा एक प्रकारको नविनपन ल्याउनका लागि तपस्या गर्नुपर्छ । पढ्नका लागि प्रदेशमा नै बस्नुपर्ने मान्यता अनुसार विद्यार्थीका पाँच लक्षणहरू भएको नीतिशास्त्रले बताएको छ–‘काकचेष्टा वकोध्यानम्, श्वाननिद्रातथैव च । अल्पाहारी गृहत्यागी, विद्यार्थी पञ्चलक्षणम् ॥’ यो श्लोक अनुसार समस्याहरू जीवनमा सबैलाई आउँछन् तरपनि ती सबै समस्यासंग जुधेर आफ्नो लक्ष्य पूर्ण गर्नका लागि अघि बढ्नु मानवको स्वभाविक प्रवृति हो । यद्यपि अध्ययनकालमा आर्थिक र पारिवारिक समस्या धेरै आए तरपनि आफ्नो लक्ष्य पूर्ण गर्न ती समस्याको कुनै प्रवाह नगरि दुःख सुख अध्ययन अघि बढाउँदै पूरा गरियो ।

**ज्यो.भ.–** प्राध्यापन पेशामा आउनुको कारण ? अहिले कस्तो लाग्छ ?

**डा.रेग्मी–** जुन क्षेत्रबाट मैले संघर्ष गरे त्यही क्षेत्रमा लाग्नु मेरो अभिरुची अनुसार म यो पेशामा आएको हुँ । यही क्षेत्रबाट नै मैले आफ्नो आत्मसन्तुष्टिका लागि विद्यार्थी अवस्थामा नै पढाउने गरेको थिएँ । गास, वास र कपासको चिन्ता भूलेर कुनै प्रकारको दुःख अनुभूति नगरि आत्मगौरव र स्वाभिमानताको आनन्दमा आनन्दित हुने गर्दथें । म पोखराको श्री विन्दुवासिनी संस्कृत विद्यापीठमा पढाउँन आएँ । यहाँ आएपछि आफ्नो लगनशीलतालाई अघि बढाएँ । यसरी ज–जसलाई शिक्षा दिइयो त्यसबाट सन्तुष्ट भै प्राध्यापन पेशालाई नै अघि बढाइयो । आँफू संस्कृतमा अध्ययन गरेकाले संस्कृतशास्त्रलाई रक्षा गरी आत्मसन्तुष्टिका साथै सामान्य जीवन पद्धति पनि चल्ने भएकाले यो पेशा रोजेको हुँ । यद्यपि कुनै क्षेत्रबाट पनि पूर्ण सन्तुष्टि हुन्छ भन्ने लाग्दैन तर म यसबाट सन्तुष्ट नै छु । कर्तव्य निर्वाह गर्ने उत्तम पेशा प्राध्यापन हो । तरपनि वर्तमान नेपालको राजनीति, स्वार्थनीति, नातावाद र कृपावादका कारण यो पेशाले पाउनुपर्ने आत्मगौरवमा आँच आएको छ ।

**ज्यो.भ.–** अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

**डा.रेग्मी–**शिक्षा नीति नियाल्दा त्यति उचित लाग्दैन ।

बाँकी ५ पेजमा...

# विमानस्थल निमार्णको माग गर्दै सिंहदरबारमा धर्ना

## आज पोखराका सबै उडान रद्ध

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको माग गर्दै पोखरेलीहरूले मंगलबार सिंहदरवारमा धर्ना दिएका छन् ।

विमानस्थल निर्माण सरोकार समितिको आह्वानमा होटल व्यवसायी, राजनीतिक दलका प्रतिनिधि र काठमाडौंमा बस्दै आएका पोखराबासीले सिंहदरवारको दक्षिण गेटतर्फ धर्ना दिएको संघर्ष समितिका संयोजक कृष्णमोहन श्रेष्ठले जानकारी दिनुभयो । धर्नाका लागि विभिन्न व्यानरमा बबरमहल पुगेका पोखरेलीहरूलाई प्रहरीले मूल सडक छेउमा नै रोकेको बताइएको छ । प्रहरी अवरोधपछि उनीहरुले पोखरामा विमानस्थल निर्माणको माग गर्दै नाराबाजी गरेका थिए । यसैबीच अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि दबाब दिन बिहीबार पोखराका सबै उडान रद्ध हुने भएका छन् । विमानस्थल निर्माण सरोकार समितिको आह्वानमा भैरहेको आन्दोलनको कार्यक्रम अनुरुप सबै उडान रद्ध हुने भएका हुन् ।

नेपाल हवाई संघले समेत पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि अनुकुल वातावरण सृजना गराउन उडान रद्ध गरी ऐक्यबद्धता जनाएका छन् । पोखरामा अहिले दैनिक यति एयरलाइन्स, बुद्ध एयर र गुण एयरलेमात्र उडान भर्दै आएका छन् भने विभिन्न कारणले नेपाल वायु सेवा निगम र अग्नि एयरको उडान झण्डै एक महिनादेखि संचालनमा आएका छैनन् । 'पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सबै पोखरेली एकजुट भएका छन्' यति एयरलाइन्सका पोखरा प्रमुख राम लामिछानेले भन्नुभयो,-रद्ध भएको टिकट अघिपछि गरेर यात्रुलाई मिलाउने छौं । उनका अनुसार यतिले पोखरा काठमाडौंका लागि दैनिक ५ उडान भर्ने गरेकोमा दुई तर्फी गरेर तीनसय यात्रुलाई सुविधा दिंदै आएको छ भने तारा एयरले पोखरा जोमसोमका लागि दैनिक पाँच उडानमा १ सय ८० जना यात्रु उडाउँदै आएको छ ।

यता बुद्ध एयरले पोखरा काठमाडौंका लागि दैनिक पाँच उडानमा ४ सय ७० जना यात्रुलाई उडाउँदै आएको बद्ध एयरले बताएको छ । एक दिनको उडानले लाखौं घाटा भए पनि आम पोखरेलीको चाहना अनुरूप चल्नुपर्ने बाध्यता भएको बुद्ध एयरले जनाएको छ । त्यस्तै गुण एयरले पोखरा-काठमाडौंका लागि दैनिक दुई उडानमा १८ जना यात्रु उडाउँदै आएको छ ।

# दीपक समीपलाई गजल प्रतिभा पुरस्कार

ज्योतिष भविष्यवाणी

**पोखरा** : गजल सन्ध्या पोखराले हरेक वर्ष मोती जयन्तीको अवसरमा प्रदान गर्दै आएको 'गजल प्रतिभा पुरस्कार' यस वर्ष गजलकार दीपक समीपलाई प्रदान गरिने भएको छ ।

समीपले नेपाली गजलमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै गजल सन्ध्याको कार्य समितिद्वारा गठित सल्लाहकार ईश्वरमणि अधिकारीको संयोजकत्वमा पूर्व अध्यक्ष रुपिन्द्र प्रभावी 'कटु', सल्लाहकार लक्ष्मण थापा सदस्य तथा अध्यक्ष मन क्षेत्री र सचिव सुरेन्द्र पौडेल पदेन सदस्य रहेको प्रतिभा छनौट समितिको सिफारिसमा सो पुरस्कार प्रदान गर्न लागिएको गजल सन्ध्याले जनाएको छ ।



सो पुरस्कार आगामी भदौ ९ गते एक विशेष समारोहका बीच गजलकार ज्ञानुवाकर पौडेलको प्रमुख आतिथ्यमा प्रदान गरिने पनि सन्ध्याले जनाएको छ ।

वि.सं २०३३ जेठ १६ गते लमजुङमा जन्मिनुभएका गजलकार समीपले झण्डै दुई दशकदेखि नेपाली गजलमा साधना गर्नुभएको छ ।

उहाँको २०६२ सालमै 'भूगोलभित्र नकोरिएको देश' गजलसङ्ग्रह प्रकाशित छ जसले गजल साधना सम्मान तथा पुरस्कार प्राप्त गरेको थियो ।

विशेष गरी पोखरेली गजलको संस्थागत विकास गर्न उल्लेखनीय भूमिका खेल्नुभएका समीप यसअघि उत्कृष्ट लघु कथाकार पुरस्कार, उत्कृष्ट मुक्तककार पुरस्कार, समता काव्य सम्मान, अनलाइन अन्तर्राष्ट्रिय साहित्य पुरस्कार, शिल्पी साहित्य सम्मानलगायतले पुरस्कृत भइसक्नुभएको छ ।

सो पुरस्कारबाट यसअघि गजलकार रुपक वनबासी, इन्द्रकुमार विकल्प, गोविन्दराज विनोदी, कमल पौडेल 'अथक' पुरस्कृत भैसक्नुभएको छ ।

## साँचो पत्रकारिताको ...

नारायण कार्कीले आँफूले पत्रकारितामा लामो समय बिताए पनि साँचो पत्रकारिता के हो बुझ्न नसकेको बताउनुभयो । उहाँले पत्रकारिताको क्षेत्र चुनौतिपूर्ण रहनुको साथै सम्भावना बोकेको क्षेत्र भएकाले पत्रकारितालाई सही ढङ्गले अघि बढाउनुपर्ने खाँचो रहेको औंल्याउनुभयो ।

त्यसैगरी स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष तथा आदर्श समाज दैनिकका प्रधान सम्पादक कृष्णप्रसाद बाँस्तोलाले पत्रकारले यसअघि गरेका गल्ती र कमि कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । पत्रकारिता स्वाभिमानी र निडर पेशा भएको बताउँदै अधिवक्ता भूपनीधि पन्तले पत्रकार कुनै पनि पार्टीको पिच्छलगु बन्न नहुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले लोकतन्त्रमा पनि पत्रकारले स्वतन्त्र भएर लेख्ने अवस्था नभएको धारणा व्यक्त गर्नुभयो । त्यसैगरी प्रेस स्वतन्त्रताका सेनानी केशवराज पराजुलीले पत्रकारिता विशेषज्ञ व्यक्तिलेमात्र पेशा मानेर अघि बढाउँदा साँचो पत्रकारिता हुने बताउनुभयो । उहाँले पत्रकारितामा व्यापक अध्ययन अनुसन्धान भएन भने साँचो पत्रकारिता हुन नसक्ने धारणा व्यक्त गर्नुभयो । पत्रकार हरेक तवरले स्वतन्त्र हुनुपर्ने बताउँदै प्राध्यापक दीपक के.श्रेष्ठले पत्रकारिता हिजोको राणाकालमा जस्तो अवस्थामा थियो आज पनि त्यहि अवस्थामा रहेकाले यसलाई पत्रकारले नै सुधार गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

पुस्तकका टिप्पणीकार प्रा.डा. पशुपतिनाथ तिमेल्सेनाले साँचो अर्थमा पत्रकारिता कसैले बुझ्न नसकेको बताउँदै पत्रकारितामा लामो समयसम्म पत्रकारिताको मर्म बुझ्न नसक्नु विडम्वना भएको बताउनुभयो । उहाँले पत्रकारमा विशिष्ट ज्ञान हुन आवश्यक हुने धारणा व्यक्त गर्दै सत्य तथ्यसंग समाजलाई जोड्ने कला पत्रकारिता भएकाले साँचो पत्रकारिता आजको खाँचो रहेको बताउनुभयो ।

कार्यक्रममा पी.एन. क्याम्पस नेपाली विभागका प्रमुख प्रा.डा. रविलाल अधिकारी, स्ववियु सदस्य सरिता पुरी, स्वतन्त्र पत्रकार संघ नेपालका सचिव कमल पौडेल 'अथक', सराङ्कोट साप्ताहिकका प्रधान सम्पादक तथा नेपाल प्रेस युनियन कास्कीका उपाध्यक्ष यदुनाथ बन्जरा, डन न्यूज डेलीका सम्पादक राजेन्द्र अधिकारी, अनिजका केन्द्रीय उपाध्यक्ष तिलक पूर्जा पुन लगायतले साँचो पत्रकारिता कसैले गर्न नसकेको बताउँदै साँचो पत्रकारितालेमात्र समाज असल बाटोमा हिंड्ने बताउनुभयो ।

कार्यक्रम आमसंचार पत्रकारिता पुस्तकका संयोजक विष्णुराज सिग्देलको अध्यक्षतामा सम्पन्न भएको थियो ।



## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फतर दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढरनुहोसर ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत दश वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ । सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भै रहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

### ज्योतिष भविष्यवाणी

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :

पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax - +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np Website: www.jbweekly.com,

www.Facebook.com/jbweekly




## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

### ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

फोन सम्पर्क : ९८४६२१८८१५, ९७२६१५३६८३

### हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिने ।

अनुभवः- (१) विगत १४ वर्षदेखि ज्योतिष शिक्षाको माध्यमबाट सशक्त सामाजिक सेवा गर्दै आएको (२) वि.सं. २०५५ पौष १४ गतेदेखि ज्योतिष भविष्यवाणी (साप्ताहिक) मोरङ (हाल कास्की स्थित कार्यालयको) पर्वत जिल्ला संवादाता (३) आजीवन सदस्य- अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, पर्वत, धौलागिरि, नेपाल (४) सचिव नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति (५) आजीवन सदस्य कर्णधार (मासिक) पोखरा, प्रधान सम्पादक- डा. भूपति ढकाल 'कमल' (६) आजीवन सदस्य-पोखरा ज्योतिष महाविद्यालय, पोखरा नेपाल शैक्षिक योग्यता- ज्योतिष डिप्लोमा (७) दक्षिण एशियाली ज्योतिष महासंघको आजीवन सदस्य, एशियाली ज्योतिष महासम्मेलन गौहाटी, काठमाडौंबाट स्वर्णपदक प्राप्त (८) अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलन भारत राजस्थान अजमेरबाट स्वर्णपदक तथा मध्यप्रदेश इन्दौरबाट ज्योतिष चन्द्रिका उपाधि प्राप्त (९) सदस्य- नेपाल पत्रकार महासंघ कास्की शाखा, नेपाल, (१०)सदस्य - नेपाल प्रेस युनियन, कास्की शाखा ।

# पितृको श्रापले धिक्कार्‍यो प्रचण्डलाई


ज्यो. दुर्गा आचार्य दाहाल

आधुनिक युग २१औं शताव्दिमा देवता, पितृ केही हुँदैन जे जो हुन्छन् महिला र पुरुषमात्र हुन्छन् भन्ने प्रचण्डजीले आफ्ना बाबुको देहावसान पछि नेपाली संस्कार, हिन्दूधर्म अनुसार विशेष गरी जनै लगाई कर्मकाण्ड गर्ने ब्राम्हणहरूको रीतिरिवाज अनुसार काजकिया गरी शोकमा डुबि बस्नुपर्ने बेलामा हर्ष र उल्लासका साथ देश विदेशको भ्रमण गर्ने प्रचण्डलाई आज उनैका बाबुको मृत आत्माले धिक्कारिरहेको छ ।

उनको त्यो कार्यले आज गाउँघरमा बुढापाकाले वडा दशैंमा टिका लगाउँदा बाबु हो 'प्रचण्ड जस्ता छोरा हुनुभन्दा नहुनु वेश' भनेर आशिष दिन थालेका छन् । तर आज उनीजस्तो ठूलो बडा व्यक्तिसंग राष्ट्र र जनताले राखेको अपेक्षा त परै जाओस् आफ्ना सन्तान छोरा–छोरी कसैको पनि राम्रो असल व्यवहार देखाउन नसक्ने आफ्नो धर्म, संस्कार र संस्कृति जोगाउन फाल्नमामात्र उद्धत छन् ।

पहिला पाप १२ वर्षमा देखिन्छ भन्थे तर अहिले ३ वर्ष पनि पुग्न नपाउँदै कलि आज कि भोलि भनेजस्तो भएको छ । जस्तो कर्म त्यस्तै फल भोग्नुपर्छ । असल कर्म गरेमा फल सकारात्मक पाइन्छ भने खराब कर्म गरेमा नकारात्मक फल पाइन्छ । यदि उनले राम्रोसंग आफ्ना बाबुको काजक्रिया गरेको भए आज ग्रहशान्ति, सप्ताह पुराण केही लगाउन आवश्यक थिएन । उनी जस्तो व्यक्तिले आफ्नो धर्मका लागि आफ्नो अस्तित्व माथि हस्तक्षेप गर्ने हो भने उनको परिवार सुबुद्धिको बाटोमा लाग्ने थियो ।

धर्म जोगाऊ, पितृ पुराण लगाऊ प्रचण्ड जस्तो व्यक्तिको बुद्धि छिट्टै फुरोस् भन्छन् । एक पुस्ता गरेको धर्मले सात पुस्ता पुग्छ तर प्रचण्डबाट उनका बाबुले धेरै सपना पूरा हुने देख्नुभएको थियो । त्यो सपना अधुरै रहेको छ । आजको युगमा धर्म संस्कृति नमान्दा मानिसको नाश हुने बाटो दैविक प्रकोप, उड्ने र गुड्ने साधन बनिरहेका छन् । सबैले अकालमा आफ्नो प्राण त्याग गर्नुपरेको अवस्था छ ।

अहिले देश र घर तहसनहस पार्ने काम गर्नुभन्दा भगवानको नाम जपौं, सबैले आ–आफ्नो कर्तव्य पूरा गर्नतिर लागि विकृति, विसंगति बिरुद्ध हातेमालो गर्दै अघि बढी ज्योतिष शिक्षाको ज्योति बाल्न आवश्यक छ ।ज्योतिष शिक्षाले हामी सबैलाई सद्मार्ग देखाउनुका साथै देशमा शान्ति फलाउने काम गर्दछ । अचानक घट्न गएका घटनाहरू पछि पूजाआजा गरी शान्ति गरौं, धर्ममा आस्था राखौं यसैमा सबैको कल्याण हुनेछ ।

*(लेखक नेपाल ज्योतिष पत्रकार संघकी केन्द्रीय सदस्य हुनुहुन्छ)*

## भर्ति केन्द्र



शंकर ज्ञवाली
पोखरा-१५, कास्की

दल पार्टीका भर्तिकेन्द्र स्कूल हुँदै गाछन्
एक पिरियड नि नपढाई भत्ता पनि खाछन्
लाल व्यारेक बनाउँछौं स्कूललाई नि भन्थे
मुट्ठी पार्ने भए पुग्यो अरुलाई के गन्थे
।।१।।
संघसंस्था बनेका छन् मागिखाने भाँडा
यिन्कै भरमा बनेका छन् मास्टर जब्बर साँडा
क्याप्चर गर्ने नियतले जानु ईज्जत गयो
गुणस्तर किन चाहियो नाता भरे भयो
।।२।।
समितिका आसेपासे स्कूलमा चाहिने
पार्टी टिकट लिएपछि सरुवा समेत भईने
स्कूललाई ठानेका छन् आफ्नो विर्तासरी
कतिदिन चल्ला र खै ? यस्तो मनपरी
।।३।।
स्कूलको नतिजा नि शून्यतिर झारे
शिक्षकका प्रतिभालाई निमोठेर मारे
नाता, पाता दर सन्तान जागिरमा ताने
नारामात्र गरिबका बानी चुँसी खाने
।।४।।
शिक्षकको योगदानलाई ओझेलमा पारे
खोजी–खोजी गाउँका शिक्षक बजारमा झारे
गाह्रै पर्ला धैर्यताको बाँध फूटेपटि
यिन्का बाउको के लाग्छ र पीडित जुटेपछि

## महिलामञ्च


जमुना सिग्देल
अध्यक्ष
नारी परोपकार केन्द्र
पोखरा

ज्यो.भ. : ज्योतिष भनेको के हो ?
सिग्देल : भविष्यवाणी हो । मलाई ज्योतिषमा केही विश्वास लाग्छ ।
ज्यो.भ. : तपाईंको पढाई कति हो ?
सिग्देल : पढाई कत्ति पनि भएन । स्कूल जानै पाइएन ।
ज्यो.भ. : विवाह कति उमेरमा गर्नुभयो ? विवाह गर्दा चिना जुराएर भएको हो त ?
सिग्देल : मेरो १० वर्षको उमेरमा ४० वर्षको श्रीमान्संग विवाह भएको हो । म सानै भएकाले चिना जुराएको हो होइन केही थाहा भएन ।
ज्यो.भ. : विवाह गर्दा चिना जुराउन आवश्यक छ ?
सिग्देल : आवश्यक छ, पहिला चिना मिले–नमिलेको हेरेर मात्र केटा–केटी देखाउँदा राम्रो हुन्छ ।
ज्यो.भ. : ज्योतिष शिक्षा पढ्न पाए के गर्नुहुन्छ ?
सिग्देल : बल्ल प्रौढ शिक्षा पढ्न थालेको छु ।
ज्यो.भ. : विज्ञापन मार्फत विवाह गर्दा कस्तो हुन्छ ?
सिग्देल : विज्ञापनभन्दा परिवारको सल्लाहमा गर्दा नै राम्रो हुन्छ ।
ज्यो.भ. : जीवनबाट सन्तुष्ट हुनुहुन्छ ?
सिग्देल : छु ।

*प्रस्तुति : ज्योतिष पत्रकार वसुन्धरी चालिसे*

# पर्वतमा ज्योतिष....

*महेश्वर शर्मा पौडेल गरी दुईजना ज्योतिषाचार्य रहेको ठाउँमा पर्वत ज्योतिष महाविद्यालय खोल्न सकेमा पाङ खुर्कोट ज्योतिष पर्यटकीय गाउँको रुपमा चिनाउन सकिने बलियो सम्भावना रहेको पं.केशवराज रेग्मी बताउनुहुन्छ । परम्परागत रुपमा ज्योतिष परामर्श दिंदै आएका ज्यो. गौरीश्वर रिजाल, खुर्कोट–१ निवासी योगराज बाँस्तोलाको शेषपछि ज्यो. डा. बलराम उपाध्याय रेग्मी गाउँमा नफर्कने हो भने पाङ खुर्कोट ज्योतिषीय दृष्टिकोणले ओझेलमा पर्नसक्ने चिन्ता स्थानीयवासीको छ ।*

*अखिल भारतीय ज्योतिष महासंघ शाखाको रुपमा पर्वतको पाङ खुर्कोटमा पर्वत ज्योतिष महाविद्यालय संचालन गर्न सकिने पोखरा ज्योतिष महाविद्यालयका प्राचार्य डा. बलराम उपाध्याय रेग्मी बताउनुहुन्छ ।*

*अन्य स्कूले शिक्षामा आर्थिक स्रोत जुटाउन सक्दो प्रयास गर्ने समाजले ज्योतिष शिक्षाको विकासमा समेत सहयोग भएमा पाङ खुर्कोटमा पर्वत ज्योतिष महाविद्यालय स्थापनामा आँफू पनि लाग्ने डा. रेग्मीको भनाइ छ ।*

# संस्कृत मा.वि.मा छात्रवासको शिलान्यास

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पोखरा–१ बगर भीमकाली पाटन स्थित संस्कृत माध्यमिक विद्यालयको ६ कोठे छात्रवास भवनको शिक्षक, कर्मचारी विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको सहभागितामा विधिवत् शिलान्यास गरिएकोछ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्ररमण पराजुलीले शिलान्यास गर्नुभएको उक्त छात्रवास भवन नेपाल सरकारको करिव १९ लाख रुपैयाँको सहयोगमा निर्माण गर्न लागिएको विद्यालयका प्राधानाध्यापक दामोदर बाँस्तोलाले बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका सदस्य चक्रपाणि सुवेदी, अशोक अधिकारी, तिलक कोइराला र प्रधानाध्यापक दामोदर बाँस्तोला रहेको भवन निर्माण उप समितिको सक्रियतामा तीन महिनाभित्रमा उक्त ६ कोठे भवन निर्माण कार्य सम्पन्न गरिने लक्ष्य रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्ररमण पराजुलीले जानकारी दिनुभयो ।


# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०६९ को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।
अन्तर्राष्ट्रिय ज्योतिष परामर्श केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१)तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

७) तालिमको नाम - मुहूर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि- एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet.com.np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**प्राचार्य**
**पोखरा ज्योतिष महाविद्यालय**
**सम्पर्क** : ९८५६०२०९१४/०६१-५४०३४७
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com

पृष्ठ २ को बाँकी...

प्राध्यापकलाई प्रधानमन्त्री सरह अन्य देशले मान्दछन् तर हाम्रो देशमा शिक्षा नीतिलाई वास्तविक शिक्षा नीतिभन्दा स्वार्थनीति भन्न सार्थक हुन्छकि जस्तो लाग्न थालेको छ। मैले माथि पनि भनिसकेको छु देशमा भएको राजनैतिक अस्थिरता र राजनीतिमा भएको व्यक्तिवादी, स्वार्थवादीपनले गर्दा शिक्षानीति राम्रो हुन सकेन।

ज्यो.भ.- सुधार गर्न सकिन्न ?

डा.रेग्मी-कुनै पनि राष्ट्रमा राष्ट्रका लागि सबै अङ्गहरू सुध्रनका लागि राष्ट्रनायकको भूमिका सर्वमान्य हुन्छ। सोही कारणले 'यथा राजा तथा प्रजा' भनेर राष्ट्रनायकलाई प्रमुख नायकत्व निर्देश गरेको देखिन्छ। नेपालको शिक्षा नीतिमात्र होइन सबैक्षेत्र सुध्रनका लागि राष्ट्रनायकको सोचाई परिवर्तन हुन जरुरी छ। तर जसले देशको नायकत्व भूमिका खेल्न खोज्दछ ऊ नै त्यस ठाउँमा गैसकेपछि आफ्नो धर्म, संस्कृति, परम्परा र नैतिकताबाट विचलित भैरहेको देखिन्छ। आफ्नै अडानलाई लिएर एउटा स्वामीको भावनाबाट भावित हुँदै त्याग तपस्याको भावना जागृत गराउँदै आफ्ना घर परिवार, इष्टमित्र, कुटुम्ब सबै देशवासी नै हुन् भन्ने भावना राख्नु अत्यन्त आवश्यक छ। 'वसुधैव कुटुम्बकम्' भन्ने नारालाई राष्ट्र नायकले अवलम्वन गरेमात्र शिक्षानीति सुध्रन सक्छ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको भन्छन् नि ?

डा.रेग्मी- हो, शिक्षा कुनै पैसाले किनेर किनिने र बेचेर बेचिने चिज होइन। संसारमा सबैभन्दा ठूलो धन शिक्षा हो। त्यसैले शिक्षा पैसाले किनेर किनिने वा बेचेर बेचिने वस्तु होइन। मैले माथि भने अनुरुप नै राष्ट्रनायकले सही काम गरेमा शिक्षामा व्यापार हुँदैन र भएको पनि रोकिन्छ। यसमा स्वार्थपन नराखी सबै क्षेत्रले सहयोग गरेमा सुध्रिन्छ। राष्ट्रनायक पृथ्वीनारायण शाहको बाटो सबैले अवलम्वन गरेमा देश समृद्ध हुन्छ। शिक्षा क्षेत्रमा विकृति भित्रनु, व्यापारीकरण हुनुको मुख्य दोषी राजनीति नै हो।

ज्यो.भ. - नियन्त्रण गर्न सम्भव छैन ?

डा.रेग्मी- तत्काल सम्भव छैन। राजनीतिमा स्वार्थपन बढ्दोक्रममा छ। यो नियन्त्रण गर्न केही असल व्यक्ति राष्ट्रका लागि बलिदान नै दिन्छौं भनेर अघि सरेमा नियन्त्रण हुन सक्छ।

ज्यो.भ. - नेपालको संस्कृत शिक्षा कस्तो अवस्थामा छ ?

डा.रेग्मी- नेपालको संस्कृत शिक्षा दयनीय अवस्थामा छ। मलाई के लाग्छ भने नेपालमा आएको राजनैतिक विकृतिहरू, शिक्षामा आएका व्यापारीकरण, वैदेशिक कुसंस्कारले युक्त शिक्षा सामाग्रीका कारणले संस्कृत शिक्षामा ह्रास आएको हो। तर जहिलेसम्म संस्कृतलाई शिक्षाको मूलधारमा प्रवेश गराईंदैन तबसम्म शिक्षामा सुधार हुँदैन। यसलाई छुट्टै विषयको रुपमा प्रारम्भिक तहबाटै आउनुपर्छ। यो मेरोमात्र धारणा होइन यसको अनुभव र आभाष सम्पूर्ण क्षेत्रले गरिरहेको छ। यस्तै अवस्था रहेमा कुनै सुधार नभएमा संस्कृत नेपालमा ह्रास हुन सक्छ तर विश्वबाट संस्कृत हराउन सक्दैन। विदेशबाट भित्रिएर पनि आउन सक्छ अनि नेपालको आवश्यकता परिपूर्ति गर्छ।

ज्यो.भ. - संस्कृत शिक्षा नेपालबाट लोप होला ?

डा.रेग्मी- योग दर्शनले मानिसका शरीरलाई स्वस्थ गराउनुका साथै देशमा नै शान्ति छरिदिन्छ। यो दर्शनलाई हामीले नमान्दा थप अशान्ति भएको छ। योग संस्कृतका १२ दर्शनमध्ये एक हो। यो एउटा दर्शनले विश्व हल्लाउन सक्छ भने १२ वटै दर्शन समावेश संस्कृत शिक्षालाई सबैले लागू गर्ने हो भने अन्य केही आवश्यक नै पर्दैन। त्यसैले यस्तो शक्ति सम्पन्न संस्कृत लोप हुन कदापि सक्दैन।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ?

डा.रेग्मी- राष्ट्र प्रमुखका विभिन्न अङ्ग हुन्छन्। ती हुन् स्वामी, मन्त्री, इष्टमित्र, बन्धु, राष्ट्र, किला र सेना। यी अङ्गमध्ये न्यायोचित कार्य राजनीति हो। राष्ट्रप्रमुखको वास्तविक नीतिलाई राजनीति भनिन्छ। वर्तमान राजनीतिको व्याख्या गर्न निकै कठिन छ। राजनीतिको अर्थ नेपालमा सार्थक छैन।

ज्यो.भ. - तपाईले पनि राजनीति गर्नुभयो होला नि ?

डा.रेग्मी- मैले राजनीति गरिन र अवसर पनि मिलेन। राजनीति मानव स्वभाव हो। मैले यसलाई बुझ्न सकिन र केही लाभ लिन पनि सकिन।

ज्यो.भ. - नेपालमा कस्तो खालको संघीयता आवश्यक छ ?

डा.रेग्मी- देशका लागि संघीयता किन आवश्यक छ भनेर बुझ्न जरुरी छ। संघीयताको नारा उठाएर कुनै पनि दलले आँफू र आफ्नो दल स्थापित हुनका लागिमात्र हो भने गलत छ तर देश हितका लागि काम गर्ने हो भने जातजातिको द्वेष फैलाएर होइन सबैको सद्भाव, आत्मभावको कदर गर्दै जनमत संग्रहको आधारमा गर्नुपर्छ।

ज्यो.भ. - देशका युवाशक्तिलाई के भन्नुहुन्छ ?

डा.रेग्मी- देशमा रोजगारको अभाव र अस्थिरताका कारणले विदेशिएका हुन्। शिक्षित विद्वान नागरिकलाई देशको अवस्थाप्रति वितृष्णा जागेर विदेशिएका छन्। राम्रा जनशक्ति विदेशिंदा देशलाई हित गर्दैन। यसले देशलाई ठूलो घाटा भएको छ । यो रोक्न जरुरी छ। पहिले देशको अस्थिरता र बेरोजगारी हटाएर देशमा नै अवसर खोज्न म सम्पूर्ण युवाहरुलाई आग्रह गर्दछु। युवाहरूले आ-आफ्नो कर्ममा इमान्दरितापूर्वक लागि आत्मोन्नतिका साथै देशमा आएका विकृति विसंगतिलाई पन्छाउने काममा पनि एकवद्ध भएर अघि बढ्नुपर्छ।

ज्यो.भ. - तपाईको विचारमा ज्योतिष के हो ?

डा.रेग्मी- सम्पूर्ण ज्ञानको आदिस्रोत वेद हो। वेदका ६ अङ्गमध्ये आँखा ज्योतिष हो। शरीरका ६ अङ्गमध्ये आँखाले जुन भूमिका निभाउँछ त्यो भूमिका ज्योतिष शास्त्रले निभाईरहेको छ। यसलाई 'प्राज्ञचक्षु' पनि भनिन्छ। जस्तै कोही व्यक्ति अन्धो छ भने उसका आँखा हुँदैनन् भनेर भन्न पाईदैन। उसंग ज्ञानरुपी चक्षु (भित्री आँखा) हुन्छ। त्यसकारण आँखा नभई कुनै व्यवहार चल्न सक्दैन। त्यस्तै ज्योतिष ज्योतिषशास्त्र बिना लौकिक र पारलौकिक व्यवहारहरू चल्न सक्दैनन्। अतः ज्योतिषशास्त्रको अत्यन्त आवश्यकता छ।

ज्यो.भ. - अहिलेको ज्योतिषशास्त्र कस्तो लाग्छ ?

डा.रेग्मी- ज्योतिषशास्त्र अहिलेको अवस्थामा व्यवहारिक जगतमा अत्यन्त राम्रो देखिएको छ। मूल ज्योतिषीय धारलाई पनि व्यवस्थित गर्न हाम्रा ज्योतिषमा समर्पित भएका विद्वानहरूले नै गनुपर्छ।

ज्यो.भ. - ज्योतिषशास्त्रको विकास गर्न के गर्नुपर्छ ?

डा.रेग्मी- ज्योतिषशास्त्रको विकासका लागि ज्योतिषका दुई विधा व्यवहारिक र सैद्धान्तिक मध्ये व्यवहारिक विधाको विकासका लागि प्रशिक्षण, पत्रपत्रिका तथा सम्पूर्ण संचारमाध्यमबाट प्रचार-प्रसार गरेमा हुन सक्छ भने मूल सिद्धान्त ज्योतिषको विकासका लागि अध्ययन, अध्यापन र अनुसन्धान गर्नु गराउनु अति आवश्यक छ।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

डा.रेग्मी- नेपाल संस्कृत विश्वविद्यालयमा ज्योतिषको छुट्टै विषय छ। त्यसको राम्ररी विकास गरेमा ज्योतिषशास्त्रको विकास हुन्छ। तथापि योग दर्शनलाई रामदेवज्यूले स्वतन्त्र भएर अघि बढाए झैं ज्योतिषको विकासमा छुट्टै विश्वविद्यालय स्थापना गर्न सके रामै हुन्छ। केवल ज्योतिषको लागिमात्र हो भने छुट्टै हुन आवश्यक छैन। यसमा यस पत्रिकाका प्रधान सम्पादक डा. बलराम गुरुको सपना नै रहेको छ। उहाँको प्रयास सार्थक बनोस शुभकामना दिन चाहन्छु। उहाँको एक्लो प्रयासमा विश्वविद्यालय हुन सम्भव छैन सामूहिक सहकार्यमा अघि बढ्दा राम्रो हुन्छ। उहाँले ज्योतिषको विकासमा दिनुभएको योगदान प्रशंसनीय छ।

ज्यो.भ. - विवाह कहिले गर्नुभयो ?

डा.रेग्मी- मैले वि.सं.२०६२ सालमा सरिताकुमारी पौडेलसंग वैदिक विवाह गरेको हुँ।

ज्यो.भ. - धर्म भनेको के हो ? हाम्रो देश धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि ?

डा.रेग्मी- धर्म भनेको यस लोकमा सुख, शान्ति पाउँदै देहावसानपछि पनि आत्मकल्याण प्राप्तिका लागि गरिने कर्म हो। नेपालमा धर्मको अर्थ बुझ्न सकिएको देखिंदैन। यहाँ धर्म निरपेक्षताको ठूलो विरोध गरिएको छ यो नबुझेर नै हो जस्तो लाग्छ। धर्म निरपेक्षता हिन्दूधर्मलाई पछि पार्ने हो भने गलत छ तर सबै धर्मलाई समान अधिकार दिएर स्वतन्त्र रुपमा आ-आफ्नो ईच्छा अनुरुप धर्म मान्न पाइन्छ, सबै धर्मलाई समान अधिकार दिइन्छ भने यो कार्य ठीक हो। नेताले धर्म निरपेक्ष राष्ट्र भनेर घोषणा त गरे यसको अर्थ न तिनले जनतालाई बुझाउन सके न जनताले बुझ्न सके यसले गर्दा देशमा थप अशान्ति भैरहेको छ। धर्म निरपेक्ष भन्नुको अर्थ राम्रोसंग धर्म गर, आ-आफ्नो ईच्छा अनुसार धर्म मान्ने स्वतन्त्र अधिकार सबैलाई छ भन्न खोजिएको हो। हाम्रो पूर्वजबाट चलिआएको धर्म त्याग्नु हुँदैन। ॐकार परिवारभित्र भएका सबै धर्म समान हुन् भन्ने वास्तविक धर्म निरपेक्ष शब्दको अर्थ गर्नुपर्छ।

ज्यो.भ. - अहिले नेपाली भाषामा निकै विवाद छ नि ?

डा.रेग्मी- नेपाली भाषाको मूल जड संस्कृत हो। त्यसको आधारमा नै नेपाली भाषाको निर्माण भएको हो। अब पनि त्यसैलाई मूल आधार मानि निर्माण गर्नुपर्छ। संस्कृत विषयको अल्पज्ञानका कारण अहिलेको विवाद आएको हो। संस्कृत भाषाकै आधारमा नेपाली भाषा निर्माण गर्दा विवाद टुङ्गिन्छ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

डा.रेग्मी- संस्कृत विधाको संरक्षण, संवर्द्धन र यसको विकासका लागि आफ्नो संस्कारको रक्षा गर्दै सामान्य जीवनयापन गर्ने।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.रेग्मी- विभिन्न सिलसिलामा भारत र भुटान बाहेक अन्य मुलुकको भ्रमण गरेको छैन। नेपालका करिब ६० जिल्लाको भ्रमण गरिसकेको छु।

ज्यो.भ. - नेपालको एकमात्र ज्योतिष विधागत समाचारपत्र ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ ?

डा.रेग्मी- यो पत्रिकाले ज्योतिषकोमात्र होइन समग्र क्षेत्रको विकासका लागि गरेको योगदानको कदर गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

ज्यो.भ. - महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद।

डा.रेग्मी- तपाईले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाई र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद।

## गीताञ्जली...

परिवारका अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु' लाई ज्योतिष भविष्यवाणी साप्ताहिकमा प्रकाशित उत्कृष्ट कविताको पुरस्कार प्रदान गर्दै साहित्यमा लागेर पनि बाँच्न सकियोस् भन्ने हेतुले आँफूले नयाँ कामको थालनी गरेको बताउनुभयो।

उहाँले साहित्यलाई आँफू र ज्योतिष भविष्यवाणी साप्ताहिक पत्रिका मार्फत साहित्यक्षेत्रको विकासमा सक्दो सहयोग गर्ने समेत बताउनु भयो। कार्यक्रममा परिवारका उपाध्यक्ष शिव गौतम, संरक्षक तारा पाखे, सल्लाहकार गायक पदमराज ढकाल, मदन भण्डारी लगायतले बोल्नुभएको थियो भने कोषाध्यक्ष भानुभक्त भण्डारीले कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै परिवारद्वारा स्थापना गर्न लागेको अक्षयकोषका लागि रु. ५ हजारको चेक अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु'लाई प्रदान गर्नुभएको थियो।

त्यसैगरी सम्मानित व्यक्तित्वको परिचय परिवारका सदस्य लक्ष्मी थापाले दिनुभएको थियो भने परिवारका अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु', संरक्षक डा. बलराम उपाध्याय रेग्मी, साहित्यकारहरू नारायण बाँस्तोला 'श्रमपंथी', शंकर ज्ञवाली, खेम लामा, काजी गाउँले, सीमा कुँवर, शरण आँशु, विष्णु अल्पविराम, लक्ष्मण थापा, छन्दमणि त्रिपाठी, गायक पदमराज ढकाल, शोभाकान्त गौडेल लगायतले रचना वाचन गर्नुभएको थियो। कार्यक्रम कृष्ण भण्डारी 'मुमुक्षु' को अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव ताराप्रसाद पोखरेलले गर्नुभएको थियो।

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/५/७<br>Aug.23, 2012 | बिहान ५:३९ बजेदेखि ७:०९ बजेसम्म **शुभ**/बिहान ७:०९ बजेदेखि ८:३९ बजेसम्म **रोग**/बिहान ८:३९ बजेदेखि १०:०९ बजेसम्म **उद्वेग**/बिहान १०:०९ देखि ११:३९ बजेसम्म **चर**/बिहानमा ११:३९ देखि दिनमा १:०९ बजेसम्म **लाभ**/दिनमा १:०९ बजेदेखि २:३९ बजेसम्म **अमृत**/दिनमा २:३९ देखि ४:०९ बजेसम्म **काल**/बेलुकी ४:०९ देखि ५:३९ बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/५/८<br>Aug.24, 2012 | बिहान ५:३९ बजेदेखि ७:०९ बजेसम्म **चर**/बिहान ७:०९ बजेदेखि ८:३९ बजेसम्म **लाभ**/बिहान ८:३९ बजेदेखि १०:०९ बजेसम्म **अमृत**/बिहान १०:०९ देखि ११:३९ बजेसम्म **काल**/बिहानमा ११:३९ देखि दिनमा १:०९ बजेसम्म **शुभ**/दिनमा १:०९ बजेदेखि २:३९ बजेसम्म **रोग**/दिनमा २:३९ देखि ४:०९ बजेसम्म **उद्वेग**/बेलुकी ४:०९ देखि ५:३९ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/५/९<br>Aug.25, 2012 | बिहान ५:४० बजेदेखि ७:१० बजेसम्म **काल**/बिहान ७:१० बजेदेखि ८:४० बजेसम्म **शुभ**/बिहान ८:४० बजेदेखि १०:१० बजेसम्म **रोग**/बिहान १०:१० देखि ११:४० बजेसम्म **उद्वेग**/बिहानमा ११:४० देखि दिनमा १:१० बजेसम्म **चर**/दिनमा १:१० बजेदेखि २:४० बजेसम्म **लाभ**/दिनमा २:४० देखि ४:१० बजेसम्म **अमृत**/बेलुकी ४:१० देखि ५:४० बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/५/१०<br>Aug.26, 2012 | बिहान ५:४० बजेदेखि ७:१० बजेसम्म **उद्वेग**/बिहान ७:१० बजेदेखि ८:४० बजेसम्म **चर**/बिहान ८:४० बजेदेखि १०:१० बजेसम्म **लाभ**/बिहान १०:१० देखि ११:४० बजेसम्म **अमृत**/बिहानमा ११:४० देखि दिनमा १:१० बजेसम्म **काल**/दिनमा १:१० बजेदेखि २:४० बजेसम्म **शुभ**/दिनमा २:४० देखि ४:१० बजेसम्म **रोग**/बेलुकी ४:१० देखि ५:४० बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/११<br>Aug.27, 2012 | बिहान ५:४१ बजेदेखि ७:११ बजेसम्म **अमृत**/बिहान ७:११ बजेदेखि ८:४१ बजेसम्म **काल**/बिहान ८:४१ बजेदेखि १०:११ बजेसम्म **शुभ**/बिहान १०:११ देखि ११:४१ बजेसम्म **रोग**/बिहानमा ११:४१ देखि दिनमा १:११ बजेसम्म **उद्वेग**/दिनमा १:११ बजेदेखि २:४१ बजेसम्म **चर**/दिनमा २:४१ देखि ४:११ बजेसम्म **लाभ**/बेलुकी ४:११ देखि ५:४१ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/५/१२<br>Aug.28, 2012 | बिहान ५:४१ बजेदेखि ७:११ बजेसम्म **रोग**/बिहान ७:११ बजेदेखि ८:४१ बजेसम्म **उद्वेग**/बिहान ८:४१ बजेदेखि १०:११ बजेसम्म **चर**/बिहान १०:११ देखि ११:४१ बजेसम्म **लाभ**/बिहानमा ११:४१ देखि दिनमा १:११ बजेसम्म **अमृत**/दिनमा १:११ बजेदेखि २:४१ बजेसम्म **काल**/दिनमा २:४१ देखि ४:११ बजेसम्म **शुभ**/बेलुकी ४:११ देखि ५:४१ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/५/१३<br>Aug.29, 2012 | बिहान ५:४१ बजेदेखि ७:११ बजेसम्म **लाभ**/बिहान ७:११ बजेदेखि ८:४१ बजेसम्म **अमृत**/बिहान ८:४१ बजेदेखि १०:११ बजेसम्म **काल**/बिहान १०:११ देखि ११:४१ बजेसम्म **शुभ**/बिहानमा ११:४१ देखि दिनमा १:११ बजेसम्म **रोग**/दिनमा १:११ बजेदेखि २:४१ बजेसम्म **उद्वेग**/दिनमा २:४१ देखि ४:११ बजेसम्म **चर**/बेलुकी ४:११ देखि ५:४१ बजेसम्म **लाभ** । |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/५/७<br>Aug.23, 2012 | बेलुकी ५:३९ बजेदेखि ७:०९ बजेसम्म **शुभ**/साँझ ७:०९ बजेदेखि ८:३९ बजेसम्म **रोग**/राति ८:३९ बजेदेखि १०:०९ बजेसम्म **उद्वेग**/राति १०:०९ देखि ११:३९ बजेसम्म **चर**/राति ११:३९ देखि राति १:०९ बजेसम्म **लाभ**/राति १:०९ बजेदेखि २:३९ बजेसम्म **अमृत**/राति २:३९ देखि ४:०९ बजेसम्म **काल**/बिहानमा ४:०९ देखि ५:३९ बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/५/८<br>Aug.24, 2012 | बेलुकी ५:३९ बजेदेखि ७:०९ बजेसम्म **चर**/साँझ ७:०९ बजेदेखि ८:३९ बजेसम्म **लाभ**/राति ८:३९ बजेदेखि १०:०९ बजेसम्म **अमृत**/राति १०:०९ देखि ११:३९ बजेसम्म **काल**/राति ११:३९ देखि राति १:०९ बजेसम्म **शुभ**/राति १:०९ बजेदेखि २:३९ बजेसम्म **रोग**/राति २:३९ देखि ४:०९ बजेसम्म **उद्वेग**/बिहानमा ४:०९ देखि ५:३९ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/५/९<br>Aug.25, 2012 | बेलुकी ५:४० बजेदेखि ७:१० बजेसम्म **काल**/साँझ ७:१० बजेदेखि ८:४० बजेसम्म **शुभ**/राति ८:४० बजेदेखि १०:१० बजेसम्म **रोग**/राति १०:१० देखि ११:४० बजेसम्म **उद्वेग**/राति ११:४० देखि राति १:१० बजेसम्म **चर**/राति १:१० बजेदेखि २:४० बजेसम्म **लाभ**/राति २:४० देखि ४:१० बजेसम्म **अमृत**/बिहानमा ४:१० देखि ५:४० बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/५/१०<br>Aug.26, 2012 | बेलुकी ५:४० बजेदेखि ७:१० बजेसम्म **उद्वेग**/साँझ ७:१० बजेदेखि ८:४० बजेसम्म **चर**/राति ८:४० बजेदेखि १०:१० बजेसम्म **लाभ**/राति १०:१० देखि ११:४० बजेसम्म **अमृत**/राति ११:४० देखि राति १:१० बजेसम्म **काल**/राति १:१० बजेदेखि २:४० बजेसम्म **शुभ**/राति २:४० देखि ४:१० बजेसम्म **रोग**/बिहानमा ४:१० देखि ५:४० बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/११<br>Aug.27, 2012 | बेलुकी ५:४१ बजेदेखि ७:११ बजेसम्म **अमृत**/साँझ ७:११ बजेदेखि ८:४१ बजेसम्म **काल**/राति ८:४१ बजेदेखि ११:११ बजेसम्म **शुभ**/राति ११:११ देखि ११:४१ बजेसम्म **रोग**/राति ११:४१ देखि राति १:११ बजेसम्म **उद्वेग**/राति १:११ बजेदेखि २:४१ बजेसम्म **चर**/राति २:४१ देखि ४:११ बजेसम्म **लाभ**/बिहानमा ४:११ देखि ५:४१ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/५/१२<br>Aug.28, 2012 | बेलुकी ५:४१ बजेदेखि ७:११ बजेसम्म **रोग**/साँझ ७:११ बजेदेखि ८:४१ बजेसम्म **उद्वेग**/राति ८:४१ बजेदेखि १०:११ बजेसम्म **चर**/राति १०:११ देखि ११:४१ बजेसम्म **लाभ**/राति ११:४१ देखि राति १:११ बजेसम्म **अमृत**/राति १:११ बजेदेखि २:४१ बजेसम्म **काल**/राति २:४१ देखि ४:११ बजेसम्म **शुभ**/बिहानमा ४:११ देखि ५:४१ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/५/१३<br>Aug.29, 2012 | बेलुकी ५:४१ बजेदेखि ७:११ बजेसम्म **लाभ**/साँझ ७:११ बजेदेखि ८:४१ बजेसम्म **अमृत**/राति ८:४१ बजेदेखि १०:११ बजेसम्म **काल**/राति १०:११ देखि ११:४१ बजेसम्म **शुभ**/राति ११:४१ देखि राति १:११ बजेसम्म **रोग**/राति १:११ बजेदेखि २:४१ बजेसम्म **उद्वेग**/राति २:४१ देखि ४:११ बजेसम्म **चर**/बिहानमा ४:११ देखि ५:४१ बजेसम्म **लाभ** । |

# तपाईंको यो हप्ता

(भाद्र ७ गते बिहीबारदेखि भाद्र १३ गते बुधबारसम्म)
(From Aug. 23, 2012 to Aug. 29, 2012)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषः यो हप्ताभरी तपाईंलाई समय शुभ रहेको छैन। ठूलो लगानी नगर्नुहोला। टाढाको यात्रापनि नगर्नु नै उत्तम हुनेछ। आइतबार, मंगलबार र शनिबार कुनै पनि हालतमा जहाज नचढ्नुहोला विशेषगरी कार्तिक ११ गतेभित्र।

२. वृषः तपाईंको स्वास्थ्य यो हप्तामा ठीकठाक रहनेछ। गरेको काममा राम्रो सफलता मिल्नेछ। आम्दानीका नयाँश्रोत बढ्दै जानेछन्। समयको सही उपयोग गरेमा उच्चतम लाभ हाँसिल गर्न सकिनेछ।

३. मिथुनः तपाईंका लागि यो हप्ता त्यति शुभ रहेको छैन। स्वास्थ्यमा गड्बढी आउन सक्छ खानपिनमा विशेष सावधानी अपनाउनु होला। साथीभाईसंग अनावश्यक झगडा हुन सक्नेछ। सबै प्रकारले सतर्क रही कार्य सम्पन्न गर्दा नै राम्रो हुनेछ।

४. कर्कः यो हप्ता पनि तपाईंको स्वास्थ्य ठीकठाक रहनेछ। आदर-सत्कार पाइने ठाउँमा सहभागी हुन पाइनेछ। मिष्ठान्न भोजन मिल्नेछ। आफन्तसंग रमाइलो भेटघाट हुनेछ। दाजुभाईको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ। समय शुभ रहेको छ, सही उपयोग गर्नुहोला।

५. सिंहः तपाईंको यो हप्ता सामान्य रहेको छ। नबोलाएको ठाउँमा नजानु नै उपयुक्त हुनेछ। आफन्तले विरोध गर्न सक्नेछन्। आम्दानी भन्दा खर्चमा वृद्धि हुन सक्नेछ। खर्चमा कटौति गर्नुहोला। चनाखो भएर कार्य सम्पादन गर्नुहोला।

६. कन्याः यो हप्ता तपाईंलाई शुभ रहेको छ। यो हप्तामा जमीन किन्नु छ भने किन्दा राम्रो हुनेछ। पारिवारिक सहयोग राम्रो रहनेछ। समग्रमा तपाईंलाई यो हप्ता सबै प्रकारले शुभ रहनेछ, नयाँ कार्यको थालनी यो हप्ता गरेमा उच्चतम् लाभ मिल्नेछ।

७. तुलाः तपाईंका लागि यो हप्ता धेरै प्रकारका बिध्नबाधाहरू रहेकाछन्। त्यसकारण सबै काम होशियारीपूर्वक गर्नु ठीक हुनेछ। हानी नोक्सानीमात्र जोगाउन सकेमा पनि त्यसलाई ठूलो उपलब्धि मान्नुपर्नेछ।

८. वृश्चिकः तपाईंलाई यो हप्ता सोमबार पानीमा डुब्ने डर रहेकोछ, विशेष सतर्क रहनुहोला। मनमा ज्यादा निराशाका भावना आउने, कसैको अप्रिय समाचार सुन्दा चित्त दुख्ने जस्ता काम हुनेछन्। कसैप्रति घनिष्ट मित्रता पनि नगर्ने, कसैसंग वादविवाद र दुश्मनी काम नगरेमात्र ठूलो हानी नोक्सानीबाट जोगाउन सकिनेछ।

९. धनुः तपाईंलाई यो हप्ता एक्कासी रोगले दुःख दिने सम्भावना रहेकोछ। खानेकुरामा विशेष ख्याल पुऱ्याउनुहोला। कुनै व्यक्तिसंग विवाद पर्ने देखिन्छ, चनाखो हुनुहोला। बोल्दा पनि सतर्क रहनुपर्ने देखिन्छ। जताबाट पनि नोक्सानी हुने काममात्र हुनेछ जोगाउनु होला।

१०. मकरः तपाईंलाई यो हप्ता अकस्मात धन प्राप्ति, मानसिक शान्ति मिल्ने, स्वास्थ्य ठीकठाक रहने, आफन्त र परिवारबाट राम्रो सहयोग मिल्नेछ। सबै काम सुखैका साथ सम्पन्न हुनेछन्। समयको सही उपयोग गर्नुहोला।

११. कुम्भः तपाईंका लागि यो हप्ता विशेष प्रकारले शुभ रहेकोछ। यश, कृति बढ्ने, घरमा नयाँ चहलपहल हुने, आँटेका कार्य सजिलै पूरा हुनेछन्। सामाजिक मानसम्मान पाइने, आफन्तबाट पाएको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनेछन्। समयको सही उपयोग गरेमा यो हप्ता ठूलै काम हात लाग्नेछ।

१२. मीनः तपाईंलाई यो हप्ता गर्न खोजेका कार्यमा अवरोध आउनेछ। वायुरोगले सताउनेछ। मनमा अशान्ति हुनेछ। पेट रोगले सताउने, यात्रामा कठिनाई, शोकपर्ने समाचार सुन्नु पर्नेछ, धैर्यगरी आफ्नो कार्यमा लाग्नुहोला।

## साप्ताहिक साहित

भाद्र ७, २०६९ बिहीबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
भाद्र ८, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
भाद्र ९, २०६९ शनिबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
भाद्र १०, २०६९ आइतबार – पश्चिम र उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ।
भाद्र ११, २०६९ सोमबार – उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ।
भाद्र १२, २०६९ मंगलबार – पूर्व दिशाको मात्र यात्रा शुभ रहेको छ ।
भाद्र १३, २०६९ बुधबार – पूर्व र दक्षिण दिशाकोमात्र यात्रा शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
प्रमुख व्यवस्थापक-सुनिता रेग्मी/ज्यो.सुश्री सीता रेग्मी, व्यवस्थापक-ज्यो. सन्तोष रेग्मी, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, ज्यो.आनन्द रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन, प्रबन्ध निर्देशक-रामनाथ अधिकारी 'संगी'(९८४८४२१३१३), आजीवन संरक्षकः ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्ग, कोशी अञ्चल
E-mail: jbweekly@fewanet.com.np, website: www.jbweekly.com, मुद्रक-तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१-५२२४२८,९८४६०९४०२० web hosting : pokharacity.com